**मिति २०७५।०८।०२ गतेको कार्यपालिकाबाट भएका निर्णयहरु :**

प्रस्तावहरु :

१. आ.व. ०७४।०७५ को दिपावलीको अवसरमा जडान गरिएको बतीको रकम भुक्तानी सम्बन्धमा ।

२. "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि पारित गर्ने सम्बन्धमा ।

३. कुखुरा फारम व्यवस्थापन सम्बन्धमा ।

४. खुल्ला मदिरा निषेधित क्षेत्र घोषणा गर्ने सम्बन्धमा ।

५. विभिन्न समिति पुनरगठन गर्ने सम्बन्धमा ।

निर्णयहरु :

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. ०७४।०७५ को दिपावलीको अवसरमा जडान गरिएको बतीको रकम भुक्तानी सम्बन्धमा सबै वडा कार्यालयहरुबाट आ.व. ०७५।०७६ को बजेटमाथि व्ययभार पर्ने गरी दामासाहीले बिल बमोजिमको रकम प्रचलित नियम कानुन अनुसार भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफलगर्दा "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधि पारित गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस चक्रघट्टा गाउँपालिका क्षेत्रभित्र व्यवसायी रुपमा कुखुरा फारम खोल्ने कृषकहरुले मावनवस्तीबाट कम्तीमा ५०० मीटर दुरी कायम गरी फारम खोल्नु पर्ने तथा सो भन्दा कम दुरीमा फारम खोलेको पाइएमा रु. ५०००।- जरिवाना गराई फारम सार्न निर्देशन दिन सक्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस चक्रघट्टा गाउँपालिका क्षेत्र भित्र खुल्ला मदिरा पूर्ण रुपमा निषेध गर्ने र साँझ ६:०० बजे पछि सार्वजनिक स्थलमा मदिरा सेवन गरेको पाइएमा पहिला पल्टको लागि रु. २०००।- जरिवाना गर्ने साथै डिजे साउण्डलाई पूर्ण रुपले प्रतिवन्ध लगाउने र अटेर गर्नेलाई प्रहरी प्रशासन लगाई रु.५०००।- जरिवाना गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा निम्न समितिलाई तपसिल बमोजिम पुनरगठन गर्ने निर्णय गरियो ।

क. आर्थिक विकास समिति (कृषि, सहकारी, उद्योग तथा वाणिज्य, पर्यटन, बाह्य क्षेत्र)

ख. सामाजिक विकास समिति (शिक्षा, संस्कृति प्रवर्द्धन, स्वास्थ्य, लैंगिक समानता तथा सामाजिक समावेशिकरण)

ग. पूर्वाधार विकास समिति (सडक तथा पुल, संचार, सिंचाई, उर्जा, लघु तथा साना जलविद्युत ( वैकल्पिक उर्जा समेत), भवन तथा सहरी विकास)

घ. वातावरण तथा विपद व्यवस्थापन विकास समिति (वन तथा भू संरक्षण, फोहरमैला व्यवस्थापन, Sanitary Land Fill Sites, जलाधार संरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण, वातावरण संरक्षण, विपद व्यवस्थापन, बारुण यन्त्र संचालन, जलवायु परिवर्तन)

ङ. संस्थागत विकास तथा सेवा प्रवाह समिति (सामान्य सेवा, स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, सुरक्षा व्यवस्थापन, सुशासन प्रवर्द्धन, सूचना प्रविधि, अनुसन्धान तथा विकास, पञ्किरण व्यवस्थापन, अन्यत्र वर्गीकरण नभएको)

च. न्यायिक समिति

क. आर्थिक विकास समिति

| | |
|---|---|
| संयोजक | श्री शान्ति देवी कलवार |
| सदस्य | श्री श्यामजी साह |
| सदस्य | श्री मरनी देवी राम |

प्रमुख प्रशासकीय अधिकृत

सदस्य श्री सिकिलिया देवी

ख. सामाजिक विकास समिति

| | |
|---|---|
| संयोजक | श्री विजय कुमार चौधरी |
| सदस्य | श्री विजय साह कलवार |
| सदस्य | श्री झगरु साह |
| सदस्य | श्री मिना देवी |

ग. पूर्वाधार विकास समिति

| | |
|---|---|
| संयोजक | श्री विनोद साह कलवार |
| सदस्य | श्री किशोरी राय |
| सदस्य | श्री सविता देवी दास |
| सदस्य | श्री राजकली देवी |

घ. वातावरण तथा विपद व्यवस्थापन विकास समिति

| | |
|---|---|
| संयोजक | श्री लालबती कुमारी |
| सदस्य | श्री नन्दकिशोर साह |
| सदस्य | श्री सुमित्रा देवी |
| सदस्य | श्री जगिया देवी |

ङ. संस्थागत विकास तथा सेवा प्रवाह समिति

| | |
|---|---|
| संयोजक | श्री चन्द्रकला कुमारी |
| सदस्य | श्री लाल महमद |
| सदस्य | श्री शैला कुमारी |
| सदस्य | श्री फेकन राय |

च. न्यायिक समिति :

| | |
|---|---|
| संयोजक | श्री बशोदा कुमारी |
| सदस्य | श्री शुशिला ठाकुर |
| सदस्य | श्री नागेन्द्र प्रसाद साह |

प्रमुख प्रशासकीय अधिकृत